पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No.: 066 - 068
चलानी नं./Ref. No.:

मिति/Date: २०७८।०१।२०

# यस कार्यालयबाट हुने सेवा प्रवाह बन्द गरिएको सम्बन्धी अत्यन्तै जरुरी सूचना !!!

विगत केही दिन देखि यता विश्वव्यापी रुपमा फैलिदै गएको नयाँ भेरियन्ट सहितको कोरोना भाइरस(COVID-19) को महामारी नेपालमा पनि तिब्र गतिमा फैलिरहेको हुँदा उक्त जोखिमपूर्ण अवस्थालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको मिति २०७८/०१/१९ गतेको "२०७८/०१/२० गते सोमबार राती १२:०० बजेदेखि २०७८/०१/३१ गते शुक्रवार राती १२:०० बजेसम्म लागु हुने गरी अत्यावश्यक सेवा बाहेकको अन्य सवै सेवाहरु बन्द रहने" भन्ने आदेश / सूचनाको कार्यान्वयार्थ उक्त अवधिसम्म को लागि स्वास्थ्य सेवा बाहेक यस पाणिनी गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रदान गरिदै आएका सम्पूर्ण सेवाहरु बन्द गरिएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यसवाट आम सेवाग्राहीमा पर्न गएको असुविधाको लागि पाणिनी गाउँ कार्यपालिका परिवार क्षमा प्रार्थी छ।

अच्युत गौतम
अध्यक्ष

अच्युत गौतम
अध्यक्ष

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
## अर्घाखाँची

पत्र संख्या:
चलानी नं.

**अर्घाखाँची जिल्लाका प्रमुख जिल्ला अधिकारी विष्णु पौडेलबाट जारी आदेश**

विगत केही दिन देखि यता विश्वमा फैलिदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को महामारी नेपालमा पनि फैलिएको र यस जिल्लामा समेत संक्रमण तीव्र रुपमा बढी रहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७८।०१।०६ र १३ गतेको निर्णय, जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७८।०१।१९ को निर्णय र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०१।१९ को सिफारिस समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०१।२० गते सोमवार राती १२:०० बजे देखि २०७८।०१।३१ गते शुक्रवार राती १२:०० बजे सम्म लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ ।

**देहाय**

१। निषेधाज्ञा अवधिभर अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने ।

२। औषधी पसल एवम् स्वास्थ्य सामग्रीका पसलहरु २४ घण्टा खुल्ने । अत्यावश्यक दैनिक उपभोग्य वस्तु तथा सेवा (खाद्यान्न, फलफूल, तरकारी, डेरी, मासु) बिक्री बितरण गर्ने पसलहरु बिहान ६:०० देखि ९:०० बजे सम्म खोल्ने । यी बाहेकका अन्य पसलहरु बन्द रहने ।

३। विद्यालय, क्याम्पस, शिक्षालय, तालिम केन्द्र, पार्टी प्यालेस, होटल तथा रेष्टुरेन्ट, जीम हल, ब्यूटिपार्लर, सैलुन बन्द रहने ।

४। सबै प्रकारका गोष्ठी, तालिम, सभा सम्मेलन, सेमिनार, जात्रा महोत्सव र खेलकुद सञ्चालन नगर्ने ।

५। मठ मन्दिर तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पूजा बाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधिहरु बन्द गर्ने ।

६। एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, अण्डा, चल्ला, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यास, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारी साधन, प्रेस पास तथा परिचयपत्र बाहेक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक अन्य सबै निजी तथा सार्वजनिक यातायातका साधनहरु सञ्चालनमा रोक लगाउने ।

विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"

Ph: 077-420133 I 077-420208 I 077-420731 I Fax: 077-420209 I Toll Free: 1660-77-42042 I Notice Board: 1618077420208
E-Mail: daoarghakhanchi@moha.gov.np I daoarghakhanchi@gmail.com I Website: daoarghakhanchi.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
## अर्घाखाँची

पत्र संख्या:
चलानी नं.

७। जिल्लास्थित सरकारी वा गैर सरकारी कार्यालयबाट प्रदान गरिने अत्यावश्यक सेवा (स्वास्थ्य, सञ्चार, विद्युत, खानेपानी, सुरक्षा) बाहेक अन्य सबै कार्यालयबाट प्रदान गर्ने सेवा बन्द गरी न्यूनतम कर्मचारीको उपस्थितिमा आलोपालो पद्धति अनुसार आन्तरिक व्यवस्थापनका कार्यहरु गर्ने ।

८। बैङ्क तथा वित्तीय कारोबार गर्ने संस्था एक चौथाई कर्मचारीको उपस्थितिमा सञ्चालन गर्ने ।

९। कामदारलाई निर्माण स्थलमै बस्ने व्यवस्था मिलाई विकास निर्माणका कामलाई सुचारु गर्ने ।

१०। अत्यावश्यक कामको लागि बाहेक सवारी पास जारी नगरिने ।

११। यस आदेशको उल्लघन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी, औषधीजन्य सामाग्री, अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कारवाही हुनेछ ।

पुनश्च : यो आदेशको पालना गर्नु गराउनु सबैको कर्तव्य हुने छ । यो आदेशको प्रतिकूल कार्य गर्नेलाई संक्रमक रोग नियन्त्रण ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कडामन्दा कडा कारवाही गरिने छ ।

०७८।१।१५
विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"
Ph: 077-420133 | 077-420208 | 077-420731 | Fax: 077-420209 | Toll Free: 1660-77-42042 | Notice Board: 1618077420208
E-Mail: daoarghakhanchi@moha.gov.np | daoarghakhanchi@gmail.com | Website: daoarghakhanchi.moha.gov.np